आज मिति २०७८।०७।०९ गते मंगलबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको १३४ औं (आर्थिक वर्ष २०७८/०७९ को ६ औं) बैठक तपसिलका पदाधिकारीहरु ज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री खगेन्द्र राई | नगर प्रमुख | ९८५२८४४०५७<br>९८४१०३०१२७ | |
| २ | श्री रीता कुमारी चौधरी | नगर उपप्रमुख | ९८५२८४४०५८ | |
| ३ | श्री ध्रुवराज आचार्य | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री रोहितमान तामाङ्ग | अध्यक्ष वडा नं. १ | ९८६२९२६२०६ | |
| ५ | श्री सन्तोष सुवेदी | अध्यक्ष वडा नं. २ | ९८१९७४४१२८<br>९८५२८४४०५९ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५<br>९८५२८४४०८२ | |
| ७ | श्री चरण कुमार राई | अध्यक्ष वडा नं. ४ | ९८०५९९९७००<br>९८५२८४४०८५ | |
| ८ | श्री देवनारयण चौधरी | अध्यक्ष वडा नं. ५ | ९८६२८१६६५६<br>९८५२८४४०६७ | |
| ९ | श्री कमलध्वज राई | अध्यक्ष वडा नं. ६ | ९८१९९८९५१८<br>९८५२८४४०६० | |
| १० | श्री तेजराज तिम्सिना | अध्यक्ष वडा नं. ७ | ९८४२८५५९५० | |
| ११ | श्री गड्ुड बहादुर वि.क. | अध्यक्ष वडा नं. ८ | ९८५२८४४०४९ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री राम कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८४२९८५०९६ | |
| १४ | श्री देवी कुमारी कार्की | नगर कार्यपालिका सदस्य | ९८१५७५६०६६ | |
| १५ | श्री जानुका कमर | नगर कार्यपालिका सदस्य | ९८४२१५४९०४ | |
| १६ | श्री मदन कुमारी कार्की | नगर कार्यपालिका सदस्य | ९८६३८७३९४३ | |
| १७ | श्री सुन्दर प्रकाश शाह | नगर कार्यपालिका सदस्य | ९८११७९०२४० | |
| १८ | श्री अस्मिता सार्की | नगर कार्यपालिका सदस्य | ९७४०९८४५५९ | |
| १९ | श्री विमला राई | नगर कार्यपालिका सदस्य | ९७४१४१९७७८ | |
| २० | श्री प्रमीला दनुवार | नगर कार्यपालिका सदस्य | ९८०३९९६६८८ | |

## प्रस्तावहरु

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. मिति २०७८/०६/३१ गते देखी आएको वर्षाको क्षेती सम्बन्धमा
३. नगर खेलकुद विकास समितिको माग सम्बन्धमा ।
४. आलुको बीउ कोल्ड स्टोरेजमा राखेको भाडा सम्बन्धमा ।
५. वडा नं. ६ बस्ने लक्ष्मी श्रेष्ठको माग सम्बन्धमा ।
६. औषधी उपचार आर्थिक सहयोग सम्बन्धमा ।
७. खेलकुद गतिविधि सञ्चालन गर्ने सम्बन्धमा ।
८. ठेक्का नं. CJM/UDA12-77/078 को देविथान, कुमाउँ, लामेचौरी खानेपानी विस्तार कार्यको भुक्तानी सम्बन्धमा ।
९. वर्षाको क्षतिको अनुगमन सम्बन्धमा ।
१०. ऐलानी जग्गा नापी गर्ने कार्य अगाडी बढाउने सम्बन्धमा ।
११. राहत तथा आर्थिक सहयोग सम्बन्धमा ।
१२. भुमि इकाईको व्यवस्थापन सम्बन्धमा ।
१३. चालु आ.व.को मिति २०७८/०४/०१ देखि मिति २०७८/०६ मसान्त सम्मको आम्दानी र खर्च अनुमोदन सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु

**नि.नं.१** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस न.पा. को ~~अघिल~~ अघिल्लो कार्यपालिका बैठकहरुबाट भएको निर्णयहरु सन्तोषजनक रूपमा कार्यान्वय भएको पाइयो । साथै कार्यान्वयन -को क्रममा रहेका निर्णयहरुलाई यथाशीघ्र कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**नि.नं.२** प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०७८/०६/३१ गते देखि देशभरी आएको अविरल वर्षाबाट भएको क्षतिहरुको राहतको लागि नेपाल सरकारले आवश्यक व्यवस्था मिलाई रहेको र ~~क्षति~~ क्षतिको विवरणहरु कृषि ज्ञान केन्द्र उदयपुर, जिल्ला विपद् व्यवस्थापन समिति उदयपुर तथा प्रदेश कृषि मन्त्रालयहरुबाट माग भई आएको र यस नगर क्षेत्रमा धेरै जसो धानबालीमा क्षति भएको पाइएकोले जिल्ला, प्रदेश र केन्द्र सरकारले माग गरे बमोजिमका क्षतिहरुको वास्तविक विवरण संकलन गरिएको हुँदा उक्त विवरणहरु सम्बन्धित निकायहरुमा पठाउने र आवश्यक राहतको लागि पहल गर्ने निर्णय गरियो । साथै उक्त निकायहरुबाट प्राप्त हुने राहतको आधारमा आवश्यक परेमा यस न.पा.बाट समेत निर्णय गरी राहत उपलब्ध गराउने निर्णय गरियो ।

**नि.नं.३** प्रस्ताव नं. ४ माथि छलफल गर्दा अखिल नेपाल फुटबल संघको आयोजनामा मिति २०७८/०८/१३ गते देखि संचालन हुने उपमेयर कप राष्ट्रिय महिला लिग इनाँट फुटबल प्रतियोगितामा यस न.पा.को तर्फबाट महिला खेलाडी टिम सहभागि गराउनको लागी चौदण्डीगढी नगर खेलकुद विकास समितिको माग बमोजिमको रकम यस न.पा.को खेलकुद शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**नि.नं.४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस न.पा.ले नगर भरिका किसानहरुको लागी कृषि उत्पादनहरुमा सहयोग पुऱ्याउने उद्देश्यले गत वर्ष कृषकहरुले उत्पादन गरेको आलु यस वर्ष बीउको लागि प्रयोग हुने गरी न.पा.का विभिन्न वडाका कृषकहरुको आलुको बीउ सप्तकोशी कोल्ड स्टोरेज प्रा.लि. सप्तरीमा न.पा.ले भाडा व्यहोर्ने गरी राखिएको र हाल आलु रोप्ने समय शुरु भएको हुँदा यस न.पा.को विपद व्यवस्थापन, मर्मत तथा सम्भार शीर्षकबाट उक्त आलुको स्टोरेज भाडा खर्च रकम रु. ६,८४,४००/- कोल्ड स्टोरेज लाई भुक्तानी गरी आलुको बीउ किसानहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

**नि.नं.५** प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ६ बस्ने लक्ष्मी श्रेष्ठको किचेन घरमा मिति २०७८/६/२९ गते अन्यानक आगलागि भई क्षति भएको हुँदा यस न.पा.को विपद् राहत कार्यविधि बमोजिम रु. २५,०००/- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस न.पा. को विभिन्न वडामा बस्ने विपन्न नागरिकहरुको स्वास्थ्य उपचारको लागि वडा कार्यालयहरुबाट आर्थिक सहयोगको लागि सिफारिस भई आएको हुँदा न.पा. को स्वीकृत कार्यविधि बमोजिम तपसिल बमोजिम आर्थिक सहयोग उपलबन्ध गराउने निर्णय गरियो ।

<u>तपसिल</u>

| क.स. | बिरामीको नामथर | पालिकाको नाम | वडा नं. | रोगको किसिम | निर्णय भएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पुर्णिमा थारु | चौदण्डीगढी | १० | मुटु रोग | १०००० | |
| २ | खेम बहादुर कार्की | चौदण्डीगढी | २ | मुटु रोग | १०००० | |
| ३ | राजकुमार सुवेदी | चौदण्डीगढी | ७ | मृगौला | १५००० | |
| ४ | जयन्द्र चौधरी | चौदण्डीगढी | ७ | क्यान्सर | ५०००० | |
| ५ | अविरमाया विश्वकर्मा | चौदण्डीगढी | २ | हेड ईन्जुरी | ५०००० | राम बहादुर विश्वकर्मा |
| ६ | ईन्द्र बहादुर कामी | चौदण्डीगढी | ६ | मृगौला | ५०००० | गत आ.व.मा निर्णय भई रु. ५००००/- को चेक काटिएकोमा चेक नसगेको |
| ७ | उर्मिला वि.क. | चौदण्डीगढी | ८ | स्पाइनल ईन्जुरी | ५०००० | |
| | जम्मा | | | | २३५०००/- | |

नि.नं.७ प्रस्ताव नं.७ माथि छलफल गर्दा यस न.पा.को चालु आ.व.को स्वीकृत कार्यक्रममा खेलकुद सम्बन्धि विभिन्न कार्यक्रमहरु समेत स्वीकृत भएको हुँदा वडा कार्यालयहरु र नगर खेलकुद विकास समिति संग समन्वय गरी हालको कोरोना संक्रमणको अवस्थालाई समेत मध्येनजर गर्दै खेलकुद गतिविधिहरु अगाडी बढाउने निर्णय गरियो।

नि.नं.८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस न.पा.को गत आ.व. २०७७/७८ मा ठेक्का नं. CGM/UDA12-77/078 को देवियान, कुमाउँ, लामेच्यौरी खानेपानी बिस्तार कार्य श्री त्रियुगा निर्माण सेवा प्रा.लि. त्रि.न.पा.-५ मार्फत कार्य सम्पन्न भई भुक्तानी माग भई आएको हुँदा यस न.पा.को चालु आ.व.को विविध व्यवस्थापन, भैपरी तथा ममर्त सम्भार शीर्षकबाट रु.५,४०,२०५.४८ भुक्तानी दिने निर्णय गरियो।

नि.नं.९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा हाले भएको बेमौसमी वर्षातको कारण नगरपालीका क्षेत्रमा भएको क्षति लगायत पूर्वाधार विकासहरुको क्षतिको स्थलगत अनुगमन गर्ने सम्बन्धित वडा कार्यालयहरु संग समन्वय गरी यथार्थ परक क्षतिको विवरण संकलन गर्न गराउन तपसिल बमोजिम अनुगमन समितिको वडा विभाजन गरियो।

तपसिल

१. वडा नं. १ र ८ - श्री खगेन्द्र राई नगर प्रमुख
२. वडा नं. ५, ९ र १० - श्री रिता कुमारी पौंचवी उप-प्रमुख र
श्री प्रमिला दनुवार का.पा.सदस्य
३. वडा नं. ६ र ७ - श्री जानुका कुमर - का.पा.सदस्य
४. वडा नं. २, ३ र ४ - श्री मदन कुमारी कार्की - का.पा.सदस्य

नोट:- अनुगमन जाँदा वडा अध्यक्ष ज्यू संग समन्वय गरि सम्बन्धित वडा हेर्ने प्राविधिक र वडा सदस्यहरु समेत संयुक्त रुपमा जाने।

नि.नं.१० प्रस्ताव नं. १० माथि छलफल गर्दा संघिय सरकार परिवर्तन संगै भूमि सम्बन्धि समस्या समाधान आयोग विगठन भएकोमा भूमि आयोग पुन: गठन भई सकेको हुँदा यस न.पा.को पूर्व निर्णय अनुसार यस न.पा.को वडा नं. ८ बाट सैलानी जग्गाको नापी गर्ने कार्य अगाडी बढाउने निर्णय गरियो।

नि.नं.११ प्रस्ताव नं.११ माथि छलफल गर्दा यस न.पा.को विभिन्न वडामा बस्ने नागरिकहरुको विभिन्न प्रकारको विपद्को राहतको लागि र अतिविपन्नको घर निर्माणको लागि आर्थिक सहयोगको लागि वडा कार्यालयहरुबाट सर्जमिन /सिफारिस भई आएको हुँदा तपसिल बमोजिम राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१. कुशेश्वर चौधरी - वडा नं.१० (हात्तिले धान खाएको) रु. १५,०००/-
२. कृष्ण प्रसाद चौधरी - वडा नं.१० (हात्तिले धान खाएको) रु. ६,०००/-
३. गीता पोखरेल - वडा नं.६ अतिविपन्न एकल महिला भएकोको घर अतिजीर्ण भएकोले उक्त घर निर्माणको लागि रु. ९०,५००/- आर्थिक सहयोग उपलब्ध गराउने । (अक्षरेपी नब्बे हजार पाँच सय मात्र ।)

निर्णय नं. १२ प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस नगरपालिका अन्तरगत भूमि सम्बन्धि समस्या समाधान गर्नका लागि तोकिए वमोजिमको कार्य गर्न २०७७ साल माघ महिना देखि लगत संकलन इकाइमा विभिन्न तह र पदमा कर्मचारी भर्ना गरी कामकाज लगाईएकोमा सबै वडाहरुबाट भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोवासी समेत गरी कूल फारम ९८५५ फारम संकलन गरिएको र उक्त तथ्याङ्क फारमहरु प्रविष्टि गर्ने क्रममा नेपाल सरकारले तत्कालिन भूमी सम्बन्धी समस्या सामधान आयोग खारेज गरेको कारण प्रविष्टि गर्ने पोर्टल बन्द भएकोले इकाइमा कार्यरत सबै कर्मचारीहरुलाई दिनमा २ देखि ३ सिफ्टमा परिचालन गरी उक्त तथ्याङक फारमहरु स्क्यान गर्ने कार्य भईरहेको हुँदा संकलित सबै फारमहरु ढिलोमा २०७८ मंसिर मसान्त सम्म स्क्यान गर्ने कार्य सम्पन्न गर्ने गरी इकाइका सबै कर्मचारीहरुको म्याद २०७८ मंसिर मसान्त सम्म थप गर्ने र नापी कार्यको लागि आवश्यक पर्ने कर्मचारीहरु संयोजक (१), सर्वेक्षक (१), अमिन (४), फिल्ड सहायक (४), र नियुक्तिका लागि सिफारिस भएका मध्ये सामाजिक परिचालक (१) लगत प्रविष्टिकर्ता (१) दुवै पदमा पहिलो रोल क्रमबाट योग्यता क्रमका आधारमा २ जना गरी जम्मा १२ जना कर्मचारीलाई २०७८ मंसिर मसान्त देखी २०७९ असार मसान्त सम्म म्याद थप गरी नापी कार्य तिव्र रुपमा अगाडि बडाउने र भूमि सम्बन्धी समस्या आयोगको जिल्ला र केन्द्र स्तरका संरचना बने पश्चात इकाईमा आइपर्ने आवश्यक कामका लागि कर्मचारी आवश्यक पर्ने भएमा कर्मचारीको आवश्यकता र कामको प्रकृति अनुसार मिल्दो जुल्दो प्रकृतिको काम हुने कर्मचारीलाई सिफारिस सुचिबाट नतिजा योग्यताक्रम प्राथमिकताका आधारमा कर्मचारी करारमा राखी कामकाज अगाडि बढाउने निर्णय गरियो । साथै म्याद थप भई कार्यसम्पादन गरिएको कर्मचारीहरुको कार्यक्षमता र कार्यसम्पादन स्तर कमजोर भएमा निजहरुको म्याद अगावै पनि सेवाबाट हटाई सिफारिस प्राथमिकता सुचिका आधारमा कर्मचारीलाई काममा लगाउने र नापी कार्यलाई शीघ्र रुपमा अगाडि बढाउनका लागि थप जनशक्ति, औजार, उपकरण र सामाग्री आवश्यक पर्ने भएमा लगत संकलन इकाईका संयोजकलाई सोको लिखित माग र प्रतिवेदन पेश गर्न लगाई सो विषयमा कार्यपालिकाको निर्णय अनुसार गर्ने गराउने निर्णय गरियो।

निर्णय नं १३, प्रस्ताव नं १३ माथि छलफल गर्दा यस नगरपालिकाको चालु आर्थक वर्ष २०७८/०७९ को प्रथम त्रैमासिक अवधि मिति २०७८/०४/०१ गते देखि मिति २०७८/०६/३१ गते सम्म भएको सम्पूर्ण अम्दानी र खर्चको तपसिल अनुसारको विवरण अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१-२०७८/०६/३१ [illegible]

| क्र.सं. | स्रोत समूह | बजेटको स्रोतगत | स्रोत | विधि | आय अनुमान | सञ्चित कोष | | | खर्च | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आम्दानी | ट्रान्सफर | मौज्दात | चालु | पूँजीगत | जम्मा |
| 1 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | 150600000.00 | 37650000.00 | 33000000.00 | 4650000.00 | 3751072.00 | 28237992.00 | 31989064.00 |
| 2 | प्रदेश सरकार | प्रदेश नं. १ | समानिकरण अनुदान | नगद अनुदान | 8769000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 3 | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | 16713640.00 | 2421626.00 | 2000000.00 | 421626.00 | 1941320.00 | 0.00 | 1941320.00 |
| 4 | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड - स्थानीय | राजस्व बाँडफाँड | नगद | 47150000.00 | 0.00 | 700000.00 | -700000.00 | 480000.00 | 91897.00 | 571897.00 |
| 5 | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | 114562000.00 | 19078891.00 | 26128891.00 | -7050000.00 | 26060448.60 | 0.00 | 26060448.60 |
| 6 | आन्तरिक स्रोत | जिल्ला समन्वय समिति | आन्तरिक स्रोत | नगद | 5000000.00 | 3500000.00 | 3500000.00 | 0.00 | 0.00 | 1659878.00 | 1659878.00 |
| 7 | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | 80926793.00 | 9645667.00 | 6400000.00 | 3245667.00 | 4849779.00 | 912200.00 | 5761979.00 |
| जम्मा | | | | | 423721433.00 | 72296184.00 | 71728891.00 | 567293.00 | 37082619.60 | 30901967.00 | 67984586.60 |